पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४९ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८१ फागुन १९ गते सोमबार ❑ 3 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## ‘पोखरामा एक वर्षभित्र जलन उपचार अस्पताल बनाउँछौं’

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन



पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरामा एक वर्षभित्रै सुविधासम्पन्न जलन युनिट वा अस्पताल बनाउने प्रतिबद्धता जनाएका छन् ।

एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलको ‘अग्नि जलनमा मलम’ सत्रमा पत्रकार टीकाराम यात्रीसँगको संवादमा मेयर आचार्यले अन्तर्राष्ट्रिय विमानस्थल भएको सहर भएकाले त्यो बनाउनैपर्ने बताए। ‘पोखरामा अब एक वर्षभित्र सुविधासम्पन्न जलनको यूनिट बन्छ भनेर पीडककै अवस्थामा मैले डाक्टर सा’बलाई भनेको छु,’ उनले भने, ‘क्यान, नेपाल सरकारले पनि साथ दिनुपर्छ । कम्तीमा तीन वटा विमानस्थल भएको ठाउँमा यो अन्तर्राष्ट्रिय प्रोटोकलमा पनि पर्ने भएकाले बाध्यात्मक हिसाबले सुविधासम्पन्न युनिट अथवा अस्पताल बनाउनुपर्छ भन्ने प्रतिबद्धता मेरो छ ।’ गत ३ फागुनमा पोखरा भ्रमण वर्षको उद्घाटन गर्ने क्रममा बेलुन पड्किँदा उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल र मेयर आचार्य घाइते भएका थिए ।

पोखरामा जलनको उपचार हुने पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई स्रोत साधनयुक्त बनाउन आवश्यक रहेको मेयर आचार्यले बताए । कीर्तिपुर अस्पतालले दिएजस्तै सेवा प्रदेश सदरमुकाममा ल्याउने सरकारको योजना सफल हुन आवश्यक रहेको मेयर आचार्यको भनाइ थियो । जलनसम्बन्धी सचेतना र प्राथमिक उपचारबारे विद्यालयदेखि नै सिकाउन आवश्यक रहेको मेयर आचार्यले बताए । जलनको विषय विद्यालय तहको पाठ्यपुस्तकमा समेट्न पाठ्यक्रम विकास केन्द्रसँग पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

कीर्तिपुर अस्पतालका प्लाष्टिक सर्जन विभाग निर्देशक डा. किरण नकर्मीले नेपालमा जलनका ७० प्रतिशत घटना घरभित्रै हुने गरेको सुनाए। देशभर ९० वटा केन्द्र भएमा जलनको प्राथमिक उपचार घटना भएको दुई घण्टाभित्रै गर्न सकिने उनले बताए। ‘जल्नेबित्तिकै हेल्थ पोष्ट, जिल्ला अस्पतालमा उपचार गर्न सकिन्छ । देशभर ९० वटा केन्द्र भएमा २ घण्टामा प्राथमिक उपचार पाउन सकिन्छ,’ डा. नकर्मीले थपे, ‘त्यसपछि २० प्रतिशत जलेका घटना प्रादेशिक अस्पतालमा गर्न सकिन्छ र त्योभन्दा बढी भए केन्द्रमा लैजान सकिन्छ ।’ कीर्तिपुर अस्पतालमा जलन उपचारका लागि हाल ३५ शय्या रहेको र दुई वर्षभित्र ७० शय्याको नेपाल जलन उपचार केन्द्र बनाउने योजना रहेको उनले सुनाए। घटना घटिसकेपछि आत्तिन नहुने भन्दै डा. नकर्मीले केही प्राथमिक उपचारका उपाय सुझाए । ‘आगो लागेपछि आत्तिएर भाग्न हुँदैन। भुइँमा लड्नुपर्छ। लडीबुडी गर्नुपर्छ। जिउमा भएको लुगा र गहना खोल्नुपर्छ,’ उनले थपे, ‘तातोपना घुम्सिएर घाउ गहिरो हुन्छ। पोलेको ठाउँमा पानी खन्याउनुपर्छ । त्यसले घाउ गहिरो हुँदैन । तर, त्यो कुरा धेरै भएको पाइँदैन ।’ जलनविरुद्धका अभियन्ता उज्वलविक्रम थापा वार्षिक ७० हजार नेपालीले व्यहोनुपर्ने अमानवीय नरसंहारको रूपमा व्याख्या गरे । दुर्घटना जुनसुकै समय हुनसक्ने भन्दै थापाले पहिल्यै सचेत हुन उनले आग्रह गरे । ‘मनुष्य जलेपछि कति पीडादायी हुन्छ भन्ने कुरा हरेक व्यक्तिको समान हुन्छ । एउटै गल्तीले जल्ने गर्छन् । मलाई हुँदैन भन्ने भ्रममा नबाँच्नुहोला। कसैलाई पनि कुनै समय पर्न सक्ने भएकाले यसलाई रोग होइन दुर्घटना भनिएको हो,’ थापाले भने । आगोसँग नजिक हुने श्रमिकको बीमा गरिदिन उनले व्यवसायीलाई आग्रह गरे । पेट्रोल पम्पमा मोबाइल नचलाउन, जन्मदिनमा प्रज्वलनशील वस्तु प्रयोग नगर्न, भान्सामा हुँदा सामाजिक सञ्जालमा व्यस्त नहुन, कोठामा हिटर बालेर नछोड्ने अभियन्ता थापाले सुझाव दिए ।

## सराङकोट महायज्ञमा १ करोड १३ लाख संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन




सराङकोटमा जारी श्रीमद् भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सव अन्तर्गत पाँचौं दिन आइतबारसम्म कुल १ करोड १३ लाख बढी दान संकलन भएको छ।

आइतबार मात्रै २० लाख बढी दान संकलन भएको महायज्ञका कोषाध्यक्ष शिव कोइरालाले जानकारी दिनुभयो। सराङकोट जैसीथोक निवासी उमनाथ चपाई परिवारबाट रु.३ लाख २२ हजार २ सय २२, पोखरा १८ निवासी पूर्णप्रसाद तिमिल्सीनाको परिवारबाट पनि समान रु.३ लाख २२ हजार २ सय २२, पालिखेचोक निवासी विरेन्द्रमान् पालिखे परिवारबाट २ लाख ३३ हजार ३ सय ३३, जन्मदिनको अवसरमा महायज्ञका कोषाध्यक्ष शिव कोइराला परिवारबाट रु.७५ हजार, गोठादीका कर्णबहादुर थापा परिवारबाट रु.५० हजार १ सय एवम् अन्य दाताको समेत गरी रु.२० लाख बढी दान संकलन भएको कोषाध्यक्ष कोइरालाले बताउनुभयो। महायज्ञ मध्यतिर आइरहदाँ भक्तजनको सहभागिता पनि बढ्दै गएको छ । सुरुमा झरीका कारण केही प्रभावित सो यज्ञमा मौसममा क्रमिक सुधार आएसँगै जनसहभागिता बढ्दै गएको हो ।आजसम्म करिव ६० हजार दर्शकले सहभागिता जनाएको प्रचारप्रसार संयोजक कृष्ण थापाले जानकारी दिनुभयो । अन्नपूर्ण केवलकार मार्फत आजसम्म १२ हजार, निःशुल्क बस सेवा मार्फत २० हजार तथा निजी सवारी साधन प्रयोग गरि त्यतीमा मात्रामा भक्तजन सराङकोट धाम पुगेको उहाँको भनाई छासमग्र कास्की, यहाँका विभिन्न संघसंस्था, पर्वत तथा तनहुँबाट पनि स्वस्फूर्त रुपमा भक्तजनको सहभागिता बढ्दै गएको उहाँले सुनाउनुभयो । त्यसका साथै दाताको सहभागिता तथा दान रकम पनि दिनप्रतिदिन बढ्दै गइरहेको छ । अझै दाताहरु आउने क्रम जारी छ, हामीले दाताको पहिचान पनि गरेका छौं मूल आयोजक समितिका अध्यक्ष प्रेमबहादुर जिसीले भन्नुभयो। पक्कै पनि सराङकोट महाउत्सव सफलताउन्मुख छ । त्यसका साथै सराङकोट पुग्ने विदेशी पर्यटक समेत यज्ञ स्थलमा रमाइरहेको देख्न सकिन्छ । सराङकोट धामसँगै त्यहाँ जारी यज्ञको हिजो मात्रै राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गर्नुभएको हो ।

सराङकोटमा वि.स २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ। हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ्ग, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका तथा भैरव मन्दिर, स्वागतद्वार निर्माण भइसकेका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ । त्यहाँ अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ । सराङकोट टपमा सडकका अलवा पोखरा स्थित सेदीबाट अन्नपूर्ण केवलबार मार्फत पनि पुग्न सकिन्छ ।यज्ञ अवधिभर प्रतिव्यक्ति रु.२ सयमा केबलकारबाट सराङकोट टप आउजाउ गर्ने व्यवस्था मिलाइएको छ ।अन्य समयमा भने दुईतर्फी यात्राका लागि रु.७ सय ५० लिने गरिन्छ।

## एमालेले जनसङ्गठनका पदाधिकारी र केन्द्रीय कमिटीको सदस्य सङ्ख्या घटाउने

**रासस**
काठमाडौं, १८ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टीको जनसङ्गठनको केन्द्रीय कमिटी सदस्यको सङ्ख्या घटाउने निर्णय गरेको छ।

ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा आज बसेको बैठकले जनसङ्गठन समन्वयसम्बन्धी निर्देशिका संशोधन गर्दै ठूला जनसङ्गठनको केन्द्रीय कमिटी १५१ सदस्यीय र साना जनसङ्गठनको केन्द्रीय कमिटी सङ्ख्या ९९ सदस्यीय राख्ने निर्णय गरेको हो । बैठकपछि पत्रकार सम्मेलनमा पार्टीका महासचिव शङ्कर पोखरेलले जनसङ्गठनलाई व्यवस्थित गर्नका लागि अब हुने महाधिवेशनदेखि केन्द्रीय कमिटी सदस्य सङ्ख्या घटाउने निर्णय गरिएको बताउनुभयो । यसैगरी, बैठकले जनसङ्गठनका पदाधिकारी सङ्ख्या पनि घटाएको छ। यसअघि १७ जना पदाधिकारी रहने व्यवस्था गरिएको थियो।

महासचिव पोखरेलका अनुसार जनसङ्गठनका पदाधिकारीलाई नौ राख्ने र त्यसमा अध्यक्ष एक, उपाध्यक्ष एक महिलासहित दुई, महासचिव एक, उपमहासचिव एक, सचिवहरूमा (प्रचार, विदेश विभाग र सङ्गठन) हेर्ने गरी तीन र कोषाध्यक्ष एकजना राख्ने निर्णय गरेको छ। यसैगरी, बैठकले जनसङ्गठनमा केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी मात्र रहने व्यवस्था गरिएको छ । “यसअघि जनसङ्गठनमा केन्दीय सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटी रहने व्यवस्था थियो । अब स्थायी कमिटीको व्यवस्था अन्त्य गरेर केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी मात्रै रहने गरी निर्णय भएको छ,” महासचिव पोखरेलले भन्नुभयो।

बैठकले पार्टीको प्रचार तथा प्रकाशन विभागको सचिवमा गणेश पाण्डे र स्थानीय विकास विभागको सचिवमा नवराज गेलाललाई मनोनयन गर्ने निर्णय गरेको छ । यसैगरी, पार्टीले प्रदेश तह र स्थानीय तहमा आफ्नो पार्टी विजयी भएका ठाउँमा नीति, कार्यक्रम र बजेटको सम्बन्धमा छलफल भएको छ । यस्तै बैठकले स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख र उपाध्यक्षको राष्ट्रिय भेला गर्ने निर्णय गरेको महासचिव पोखरेलले जानकारी दिनुभयो।

भेला आगामी चैत महिनामा गर्ने निर्णय भएको छ। प्रदेश तहमा मुख्यमन्त्री, मन्त्री, दलका नेता, प्रमुख सचेतक र प्रदेशका पदाधिकारी र इन्चार्जसहित संयुक्त भेला आयोजना गरेर नीति, कार्यक्रम र बजेटका सन्दर्भमा छलफल गर्ने निर्णय गरेको छ। यस्तै पार्टी सम्बन्ध विभागलाई सरकारको नीति तथा कार्यक्रममा आगामी चैत १५ गतेभित्र सुझाव पेस गर्न निर्देशन दिएको छ। पार्टीले विदेश भ्रमणका लागि मापदण्ड बनाएको छ । “विदेश भ्रमण जानपूर्व पार्टीसँग अनुमति लिनुपर्ने र कुन संस्था कुन प्रयोजनका लागि आयोजना गरेको हो । त्यो पर्याप्त जानकारी दिनुपर्ने र विदेश भ्रमण भइसकेपछि पार्टी र मुलुकको प्रतिष्ठा बढाउने हिसाबले भूमिका निर्वाह गर्नुपर्ने र आइसकेपछि आफ्नो भ्रमणका बारेमा प्रतिवेदन पार्टीलाई बुझाउनुपर्ने विषय मापदण्डमा राखिएका छन्,” महासचिव पोखरेलले भन्नुभयो।

यस्तै, बैठकले नेपाल कम्युनिष्ट पार्टीको ७६औं स्थापना दिवसका अवसरमा कम्युनिष्ट योद्धालाई सम्मान गर्ने निर्णय गरेको छ । प्रत्येक प्रदेशबाट एक/एक जनाको दरले कम्युनिष्ट योद्धा सम्मान गर्ने भएको उहाँले जानकारी दिनुभयो। यस्तै, बैठकले सुदूरपश्चिम प्रदेश कमिटीले प्रदेश सदस्यमा मनोनयन गरेका जयचन्द्र स्वाँर, रामबहादुर बुढा, नन्दबहादुर सिंह कडायत र अमर विकको नाम अनुमोदन गरेको छ। यस्तै पार्टीले ताप्लेजुङको पाथीभरामा बन्न थालेको केबुलकारको निर्माण प्रक्रिया अगाडि बढाउन सम्बन्धितलाई आग्रह गरेको छ। महासचिव पोखरेलले पाथीभरा मन्दिर केबुलकारका सम्बन्धमा भएको विवाद समाधान गर्नका लागि स्थानीय जनप्रतिधि, प्रशासन र सरोकारवाला समूहसँग छलफल गरेर समाधान गर्न आग्रह गर्दै केबुलकार बनाउने प्रक्रियालाई अगाडि बढाउन सम्बन्धित पक्षलाई भूमिका खेल्न आग्रह गर्नुभयो।

बैठकले पार्टीका उपाध्यक्ष युवराज ज्ञवालीका दाजु फणीन्द्र ज्ञवाली र केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव वडालका धर्मपत्नी शान्ति वडालको निधनप्रति दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ। बैठक पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको थियो।

## कांग्रेसका क्षेत्रीय सभापतिहरूलाई प्रशिक्षण दिइने


**रासस**
काठमाडौं, १८ फागुन

नेपाली कांग्रेसले देशभरि रहेका पार्टीका क्षेत्रीय सभापति तथा क्षेत्रीय प्रशिक्षण शाखा प्रमुखहरूलाई भैरहवामा दुईदिने प्रशिक्षण तथा अभिमुखीकरण प्रदान गर्ने भएको छ। सोमबार र मङ्गलबार दुई दिन चल्ने उक्त कार्यक्रमको उद्घाटन पार्टी सभापति शेरबहादुर देउवाले गर्नुहुने कार्यक्रम तय भएको छ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा हुने उक्त कार्यक्रममा देशैभरिका प्रतिनिधिसभाअन्तर्गतका १३० क्षेत्रीय सभापति, सोही सङ्ख्यामा क्षेत्रीय प्रशिक्षण शाखा प्रमुख तथा एउटा मात्र निर्वाचन क्षेत्र रहेका ३५ जिल्लाबाट प्रदेशसभाअन्तर्गतका क्षेत्रीय सभापति ७० जनाको सहभागिता रहने नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका संयोजक एवं पार्टी उपसभापति पूर्णबहादुर खडकाले जानकारी दिनुभयो।

कार्यक्रमबारे जानकारी दिन आइतबार भैरहवामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा संयोजक खड्काले कार्यक्रममा पार्टीसँग जोडिएका विषय, पार्टीका महत्वपूर्ण काम, २०४६

बाँकी अन्तिम पृष्ठमा ▶▶



# पोखरा महानगरपालिका दोस्रो अन्तर क्लब पुरुष टि-२० क्रिकेट प्रतियोगिता मंगलबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

पोखरामा मंगलबारदेखि दोश्रो अन्तर क्लव पुरुष टि-२० क्रिकेट प्रतियोगिता २०८१ हुने भएको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको आयोजना तथा पोखरा महानगरपालिका क्रिकेट संघको संयोजन तथा व्यवस्थापनमा मंगलबार फागुन २० गतेदेखि शुरु हुने प्रतियोगिता फागुन २५ गतेसम्म सञ्चालन हुने जनाइएको छ। प्रतियोगिता इडेन हेभेन क्रिकेट मैदान, लेखनाथमा हुने पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन पुनले जानकारी दिए।

प्रतियोगितामा पोखराका विभिन्न ९ वटा क्लब सहभागि हुने पुनले बताए। उनका अनुसार प्रतियोगितामा माछापुच्छे क्रिकेट क्लब, लेखनाथ क्रिकेट क्लब, कास्की क्रिकेट क्लब, सांग्रिला क्रिकेट क्लब, लेकसाईड क्रिकेट क्लब, राईजिङ क्रिकेट क्लब, पोखरा क्रिकेट क्लब, गण्डकी स्पोर्टस् क्लब र अरण्यज्योती क्रिकेट क्लब सहभागि हुँदैछन्।

प्रतियोगितामा सहभागि टिमलाई ३ समूहमा विभाजन गरी लिगकम नकआउटका आधारमा प्रतिष्पर्धा गराईने पोखरा महानगरपालिका क्रिकेट संघले जनाएको छ।

प्रतियोगितामा सहभागि सबै क्लबले कम्तिमा दुई/दुई खेल खेल्ने पाउने छन्। लिग चरणमा शिर्षस्थान हासिल गर्ने हरेक समुहबाट एक क्लब सेमिफाइनलमा प्रवेश गर्ने अध्यक्ष पुनले जानकारी दिए। उनका अनुसार शिर्ष तीन मध्ये उच्च रनरेट प्राप्त टिम भने सिधै फाइनलमा पुग्नेछ। प्रतियोगिताका विजेता तथा उपविजेता टिमले ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। त्यसैगरी हरेक खेलमा म्यान अफ द म्याच, म्यान अफ द सिरिज, बेष्ट व्याटर, वेष्ट बलर लगायतलाई पुरस्कार प्रदान गरिने जनाईएको छ।

# एकदिवसीय क्रिकेटः कास्की च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन




अनिल गुरुङको अविजित ७९ रनको योगदानमा कास्कीले तनहुँलाई ७ विकेटले पराजित गर्दै प्रधानमन्त्री कप एकदिवसीय गण्डकी प्रदेशस्तरीय क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ।

कप्तान विपिन खत्री र सुवास भण्डारीको उत्कृष्ट बलिङ प्रेरित कास्कीले टस जितेर व्याटिङ रोजेको तनहुँलाई १८० रनमा रोक्यो।

प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा आईतबार पोखरा रंगशाला क्रिकेट मैदानमा भएको फाईनल प्रतिस्पर्धामा तनहुँले १८० रन बनाउने क्रममा ४८.४ ओभर खेल्यो। पहिलो १० रन बनाउने क्रममा तनहुँले पहिलो विकेट गुमायो। थप दुई रन जोड्दा अर्को विकेट गुमाएपछि तनहुँ दबावमा पर्‍यो। यद्यपी तेस्रो र चौथो नम्बरमा आएका व्याटरद्वय दिनेश बुढामगर र भन्स क्षत्रीले तेस्रो विकेटको लागि ८९ रनको साझेदारी निभाए। बुढामगर दुई रनले अर्धशतक बनाउन चुके। ८३ बल खेल्ने क्रममा ४ चौका र १ छक्का प्रहार गरेको बुढामगर अर्जुन कुमालको बलमा विकेट किपर मुस्कान थापाको हातबाट क्याच भए। उनको क्याचसँगै दुईको साझेदारी टुट्यो। क्षत्रीले १०७ बल खेल्दै अर्धशतक पुरा गरे। ५९ रनमा खेल्ने क्रममा उनी विपिन खत्रीको बलमा आउट भए। उनले ५ चौका प्रहार गरे। त्यसपछि आएका कृश ऐरले ३२ बल खेल्दै १ छक्का प्रहार गर्दै २५ रन जोडे। उनी पनि सुवास भण्डारीको बलमा कृष्ण पौडेलको हातबाट क्याच भएपछि तनहुँको विकेट पतन निरन्तर रह्यो। कास्कीका कप्तान विपिन खत्रीले १० ओभरको स्पेलमा ३ मेडन राखे। २० रन खर्चेर ४ विकेट लिए। सुवास भण्डारीले पनि १० ओभरमा ४ मेडन राख्दे ३१ रन दिएर ३ विकेट लिए। १८१ रनको लक्ष्य पछ्याएको कास्कीले अनिल गुरुङको अविजित ७९ रनको पारीमा लक्ष्य सहज पछ्यायो। पहिलो विकेटको लागि अनिल र अर्जुन कुमालले ६८ रनको साझेदारी निभाए। उत्कृष्ट शुरुवात गरेको कास्कीले पहिलो विकेट कुमाललाई गुमायो। रन लिने क्रममा कुमाल रनआउट भए। रनआउट भएसँगै कास्कीको साझेदारी टुट्यो। तेस्रो नम्बरमा आएका मुस्कान थापाले अनिलसँग मिलेर ८९ रनको साझेदारी गरे। उनीहरुको साझेदारीले कास्कीलाई जितको आधार तयार बन्यो। मुस्कानले ६१ बल खेल्दै ३ चौका प्रहार गरे। थापा तनहुँका कप्तान चन्द्रकान्त पौडेलको बलमा भन्स क्षत्रीको हातबाट क्याच भए। चौथो नम्बरमा अएका अभिषेक थापा भने पहिलो बल खेल्ने क्रममा आउट भए। पौडेलले उनलाई पहिलो बलमै आउट गर्दै कास्कीलाई दबावमा राखे। रोहित चन्द १२ रनमा अविजित रहे। अनिल र रोहितले कास्कीलाई जितसम्म डोहोर्‍याए। कास्कीले लक्ष्यलाई ४१.३ ओभरमा पुरा गर्‍यो। प्लेयर अफ दि म्याचको हकदार भने अनिल भए। कास्कीका सुवास भण्डारी बेष्ट बलर, बेष्ट व्याटर तनहुँका समीर कँडेल, म्यान अफ दि सिरिज सुवास भण्डारी भए।

विजेता तथा उपविजेता खेलाडीहरुलाई नेपाल क्रिकेटसंघका केन्द्रीय सदस्य सुदिप शर्मा, प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष सन्जयकान्त सिग्देल, उपाध्यक्ष प्रकाश पौडेल, तनहुँ क्रिकेट संघका अध्यक्ष मदन तिम्सिना, संघका पूर्व अध्यक्ष देवेनसन प्रजु, लगायतले पुरस्कार प्रदान गरेका थिए।

# तमु धिं नेपाल केन्द्रिय आमा समितिको अध्ययन अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन



पोखरा महानगरपालिका वडा नं. ९ मा रहेको तमु धिं नेपाल केन्द्रिय आमा समितिको बार्षिक कार्यक्रम अन्तरगत गुरुङ समुदाय बहुल लमजुङका ४ गाउँहरुको अध्ययन, अनुसंन्धान तथा अवलोकन भ्रमण शुक्रबार सम्पन्न गरेको छ।

गत विहिबार र शुक्रबार दुइ दिने उक्त भ्रमणमा तमु धिं नेपाल केन्द्रिय आमा समितिकी अध्यक्ष पवित्रादेवी गुरुङको नेतृत्वमा १९ जनाको सहभागिता रहेको थियो। सो समुहले लमजुङ जिल्लाको क्होलासोथर गाउँपालिकाका ४ गाउँका गुरुङ्सेनी दिदीबहिनीहरु संग अन्तरक्रिया गरी तमु धिं नेपाल केन्द्रिय आमा समितिले गाउँ मै वसेर केहि आय आर्जनका काम गर्न इच्छुक आमाहरुको लागि के गर्दा उचित हुन्छ भनेर अध्ययन अवलोकन तथा अन्तरक्रिया हरेक वर्ष गरिदै आएको अध्यक्ष पवित्रादेवी गुरुङले वताईन्। सिङदी गाउँमा भएको अन्तरक्रियामा कार्यक्रममा क्होलासोथर वडा नं. ५ का वडा अध्यक्ष गीतबहादुर गुरुङ, सिङ्दी सामुहिक होमस्टे समितिका अध्यक्ष हुकुम बहादुर गुरुङ, सत्यसेवा युवा क्लबका अध्यक्ष देवबहादुर गुरुङ, मुक्ति प्रसाद गुरुङ, हिमाल ज्योति आमा समुहकी उपाध्यक्ष मनिषा गुरुङलगाएतले स्थानिय गुरुङ परम्परा रिति तिथि, पशुपालन, कृषि उत्पादन लगाएतको वारेमा जानकारी दिएका थिए। त्यसै गरी क्होलासोथर-६, पसगाउँमा भएको अन्तरक्रियामा अन्नपूर्ण संरक्षण कोष व्यवस्थापन समिति ५ र ६ का अध्यक्ष चन्द्रबहादुर गुरुङ, पसगाउँ ठाँटी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रतन बहादुर गुरुङ, दुधपोखरी युवाक्लबका अध्यक्ष नौ बहादुर गुरुङ, शन्तिदिप आमा समुहकी अध्यक्ष युगदेवी गुरुङले पसगाउँको इतिहास, भौगोलिक अवस्था, गुरुङजातीको मौलिक भेषभुषा तथा रितिरिवाजहरुको वारेमा वताएका थिए।

लमजुङ जिल्ला पर्यटीय भुजुङ गाउँमा पुगेर तमु धिं नेपाल केन्द्रिय आमा समिति र स्थानिय संघसंस्थाहरु विच भएको अन्तरक्रिया कार्यक्रममा तमु प्ल्हुँसंघका अध्यष वृज बहादुर गुरुङ, एम्पो विकास आमा समुहकी अध्यक्ष आसकुमारी गुरुङ, भुजुङ होमस्टे व्यवस्थापन समितिका अध्यक्ष तुलबहादुर गुरुङ, पुर्व वडा अध्यक्ष खिमबहादुर गुरुङ, लाली गुँरास युवा क्लबका अध्यक्ष नौराज गुरुङलगायतले गाउँको इतिहास ७०० वर्ष पुरानो रहेको, गाउँको जनसंख्यामा कुनै कमि नआएको, गुरुङ सस्कृतिलाई पुस्तान्तरण गर्दै आएको, कृषि तथा पशुपालनमा आत्मनिर्भर रहेको वताएका थिए। त्यस्तै घलेगाउँमा आयोजित अन्तरक्रिया कार्यक्रममा हिमाली आमा समुहकी सहसचिव यमुना घले, घले गाउँ संचालन समितिका अध्यक्ष हर्क बहादुर गुरुङ, कन्या ज्योति युवा क्लबका अध्यक्ष ओम प्रसाद गुरुङलगायतले घले गाउँको प्रकृति मौसम अनुसार फेरिने वताउँदै घाटु, कृष्ण चरित्र लगाएतका पुर्वजको नासो आगामि पुस्तालाई पनि हस्तान्तरण गर्दै आएको वताए। तमु धिं नेपाल केन्द्रिय आमा समितिले गुरुङहरुको थातथलोको अवलोकन भ्रमण तथा अध्ययन अनुसन्धानको क्रमलाई विगतमा कास्की जिल्लामा गरिएकोमा यस वर्ष लमजुङ जिल्लाका गाउँहरुमा कार्यक्रम गरिएको महासचिव बालकुमारी गुरुङले वताइन्।

भ्रमण टोलिमा केन्द्रिय आमा समितिका पदाधिकारीहरु, सदस्यहरु, फुलबारी तमु समाज, सिद्धार्थ तमु समाज, दरबारथोक मिडियाका अध्यक्ष कृष्ण रानाभाट समेतको सहभागिता रहेको थियो।

# कांग्रेसका ...

सालपछि नेपाली कांग्रेस सरकारमा हुँदा गरेका नीतिगत सुधारका काम, मुलुकको संविधान, सङ्घीयताको कार्यान्वयन, नेपाली कांग्रेसको क्रियाशील सदस्यताको अभियान, पार्टी सङ्गठनसँग जोडिएका विषय र पार्टीको केन्द्र, प्रदेश, जिल्ला हुँदै निर्वाचन क्षेत्रसँग जोडिएका अन्तरसम्बन्धका विषयबारे प्रस्तुति रहने बताउनुभयो।

यस्तै, समसामायिक विषयवस्तुसँग जोडिएका गरी विभिन्न ६ विषयमा प्रस्तुतीकरण गरी छलफल गरिनेछ। दोस्रो दिन सातवटा समूह विभाजन गरी सहभागीले आफ्नो क्षेत्रको अनुभव, नेपाली कांग्रेस पार्टी सञ्चालनमा रहेका समस्यालगायतका बारे गहन छलफल गरी सुझाव प्राप्त गरिनेछ। अर्को सत्रमा सरकारसँग जोडिएका विषयमा छलफल गरी सुझाव सङ्कलन गरिने कार्यक्रम रहेको संयोजक खड्काले जानकारी दिनुभयो। यसबारे सरकारमा सहभागी दुई मन्त्रीले जानकारी दिने कार्यक्रम तय भएको उहाँको भनाइ छ।

केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा हुने उक्त कार्यक्रमलाई नेपाली कांग्रेस रुपन्देही निर्वाचन क्षेत्र नं ३ को क्षेत्रीय समितिले व्यवस्थापन गरिरहेको छ।

# बेगनास कपमा आईतबार ६ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन



बेगनास युवा क्लवको आयोजनामा शुक्रबारदेखि जारी तेश्रो बेगनास कपमा आईतबार ६ खेल सम्पन्न भएका छन।

आईतबार सम्पन्न पहिलो खेलमा राईजिङ स्टार युथ क्लब रिठेपानीले रोयल एच के फेमेलीलाई २-० को अन्तरले पराजित गरेको छ। यस्तै दोश्रो खेलमा ए स्टार क्याफे 'ए' र एल सि ब्रर्दश विच खेल हुने भनिएकोमा निर्धारित समयमा पनि खेलमा उपस्थीत नभएपछि सिधै वाकओभर पाउँदै ए स्टार क्याफे 'ए' अधिल्लो चरणमा प्रवेश गरेको छ। यस्तै तेश्रो खेलमा ईन्द्रेणी युथ क्लब लामास्वारा ले क्र्यास क्याफे लाई २-१ को अन्तरले पराजीत गरेको छ। निर्धारित समयमा दुवै टिमले १-१ को बराबरी खेलेपछि खेल ट्राईबेकरमा धकेलीएको थियो। आईतबार नै भएको चौंथो खेलमा बिग सिटि क्याफेले चेतनशिल आर्दश युवा क्लवलाई ३-१ ले पराजित गरेको छ। एन के क्लव र आयोजक बेगनास युवा क्लव सेतो विच भएको प्रतिष्पर्धामा एन के क्लवले २ गोल गर्दै अगाडीको यात्रा तय गरेको छ भने बेगनासले कुनै पनि गोल गर्न सकेन। आईतबार भएको अन्तिम खेलमा हिमाल एण्ड रक्षाले १-० को अन्तरले वसन्ती मेमोरियललाई पराजित गरेको छ। फागुन २२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २८ टिमको सहभागिता रहने प्रतियोगिताका संयोजक विज्ञान कोईरालाले जानकारी दिए।

# 'समुदायमा पुस्तकालयको पहुँच छैन'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन




समुदायस्तरमा सार्वजनिक पुस्तकालयको अभाव भएको विद्यार्थीले गुनासो गरेका छन्। घर वरपर पुस्तकालयको पहुँच नहुँदा विद्यालयको पुस्तकालयको भर पर्नुपर्ने उनको भनाइ छ। उनीहरु भन्छन्, 'घर वरपर पुस्तकालय छैन। विद्यालयको पुस्तकालयले अभाव टारेको छ। रुची अनुसारको किताब नहुँदा आफैंले किनेर पढ्छौ।'

पोखराको लेकसाइडस्थित बारहीघाटमा जारी १२ औं संस्करणको एनसेल फाउण्डेसन नेपाल लिटरेचर फेस्टिभलको अलिमियाँ कक्षमा आइतबार ' विद्यार्थीसँग किताब' को चर्चा भयो। राजनीतिज्ञ रसिसहरि भण्डारीसँग गण्डकी बोर्डिङ स्कुलकी प्रेन्सा रेग्मी, भानुभक्त माविका सुविन विक, बालोदय माविकी श्रीयंका रेग्मी, छोरेपाटन माविका सोहन कार्की, कुम्दिनी होम्सूका एरिन गुरुङ किताबसँगै पुस्तकालयको पहुँचका बारेमा गफिए। प्रेन्साले समुदायस्तरमा पुस्तकालयको पहुँच नभएको बताइन्। विद्यालयको पुस्तकालय र बजारका पुस्तक पसलबाट किनेर आफ्नो पठन भोक मेटाउने उनको भनाइ थियो। 'टोल समाजमा पुस्तकालयको पहुँच छैन। बजारमा गयो भने खोजेको पुस्तक पाइन्छ। घरमै बुवा आमाले पनि खोजेको किताबहरु ल्याइदिनुहुन्छ। मैले त्यसरी पनि पढ्छु', उनी भन्छिन्, 'घरमै थुप्रै पुस्तकहरु छन्। ति पुस्तकबाट पनि ज्ञान लिन्छु। मोबाइललाई प्रयोग गर्दै प्रविधिको माध्यमबाट पनि धेरै ज्ञान प्राप्त गरिरहेको हुन्छु।' उनले इन्टरनेटको पहुँचबाट पनि पुस्तकहरु पढ्ने सुनाइन्। उनले थपिन्, 'किनभने घरनजिकै पुस्तकालय छैन। विद्यालय पुस्तकालयको सुविधा राम्रो छ। सबै विधाको किताबहरु पाउँछु। त्यसरी किताबहरु पढिरहेको हुन्छु।' सुविनले विद्यालयको पुस्तकालयले मात्रै रुची समेट्न नसक्ने बताए। 'समाजमा पुस्तकको पहुँच छैन। बजारमा जाने हो भने पहुँच हुन्छ', उनले भने, 'विद्यालयमा पुस्तकालय हुन्छ। विद्यालयको पुस्तकालयले रुची समेट्न सक्दैन। गुरु, घरपरिवारले पुस्तक उपलब्ध गराइदिनुहुन्छ। आफैंले किनेर पनि पुस्तक पढ्ने गर्छु।' पुस्तक पढेर प्राप्त गरेको ज्ञान अरु समक्ष पनि बाँड्ने गरेको उनले बताए।एरिन गुरुङले समुदायस्तरमा पुस्तकालयको पहुँच नहने साझा समस्या भएको खुलाइन्। उनले नेपालमा सार्वजनिक पुस्तकालय विकासमा जोड दिनुपर्ने तर्क पेश गरिन्। सामुदायिक पुस्तकालयको अभावमा आफैंले किताब किनेरसमेत पढ्ने गरेको उनले बताइन्। 'घरकै कुरा गर्ने हो भने पुस्तक किनिरहेको हुन्छु। एक महिनामा, हप्तामा इच्छा अनुसार किनिरहेको हुन्छु। मेरो बुवाले पनि विदाको बेलामा एउटा दुईटा किताब किन्नुहुन्छ', उनी भन्छिन्, 'उहाँले पढेर सक्नेवित्तिकै छोटो सारंश दिनुहुन्छ। त्यसले मलाई अझ पढ्न मन लाग्छ।' विद्यालयमा भने पुस्तकालय सुविधासम्पन्न रहेको बताइन्। पुस्तकालयमा पुगेर सबै कक्षाका विद्यार्थीहरु पढ्ने बानीको विकास भएको उनले जानकारी दिइन्। उनका अनुसार आख्यानदेखि गैरआख्यान, राजनीति, इतिहासका सबै प्रकारका पाइन्छ। विद्यालयमा साहित्य समूह बनाएर पठनसंस्कृतिमा जोड दिइरहको उनले सुनाइन्। 'महिनाको अन्तिममा साहित्य समूहको बैठक बस्छौं। र हामीले कुन पुस्तक पढ्यौं भने छलफल गर्छौं। साथीले पढेको पुस्तकमा रुची लाग्यो भने साटासाट पनि गर्छौं', उनले सुनाइन्।

प्रेन्सा, सुविन, एरिनले जस्तै श्रीयंकाले पनि पुस्तकालयको पहुँच नभएको समस्या दोहोर्‍याए। 'घरतिर कुनै पुस्तकालय छैन। विद्यालयमा छ। शिक्षकहरुलाई यस्तो पुस्तक ल्याइदिनु मलाई मनपर्छ भन्यो भने उहाँहरुले ल्याइदिनुहुन्छ। धेरै जसो उपन्यास पढ्छु', उनको भनाइ थियो। सोहनले घरपरिवारको प्रोत्साहनले पढ्ने बानीको विकास भएको सुनाए। 'पुस्तकको पहुँचको कुरा गर्दा विद्यालयमा पुस्तकालय छ। पुस्तकालयमा हरेक विषयका किताबलाई समावेश गरिएको छ', उनी भन्छन्, 'घर वरपर सामुदायिक पुस्तकालयको पहुँच छैन। घरपरिवारले प्रोत्साहित गर्नुहुन्छ पुस्तक पढ्नलाई।' पढ्ने बानीको विकास गर्नलाई किशोर अवस्थामा साथीभाईको महत्वपूर्ण भूमिका रहनेमा उनीहरु एकमत भए। साथीभाईले पढेको पुस्तकको चर्चा गर्दा पढ्नलाई रुची जगाउनेमा उनीहरु सहमत थिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# संगठनलाई चलायमान बनाउने पहल

नेकपा एमाले जनसङ्गठनहरूमा स्थायी कमिटी नराख्ने भएको छ । आइतबार बसेको सचिवालय बैठकले जनसङ्गठनहरूको केन्द्रीय कमिटी र सचिवालय मात्रै रहने निर्णय गरेको हो । सचिवालय बैठकपछि महासचिव शङ्कर पोखरेलले पार्टीका जनसङ्गठनमा स्थायी कमिटी नरहने निर्णय गरेको बताए । 'जनसङ्गठनमा केन्द्रीय कमिटी, स्थायी कमिटी र सचिवालय रहने व्यवस्था थियो । अब स्थायी कमिटीको व्यवस्था अन्त्य गरेर केन्द्रीय कमिटी र सचिवालय मात्रै रहने निर्णय भएको छ' ।

कमिटीहरूको संख्या घटाउने निर्णय जनसङ्गठनले आफ्नो विधानबाट यो निर्णय कार्यान्वयन गर्नेछन् । एमालेले जनसंगठनको अधिवेशन चैत भित्र गर्न निर्देशन दिएको छाजनसंगठनलाई व्यवस्थित रुपले चलाउन जनसंगठन संयन्त्र बनाएको छ । सबै जनसंगठनलाई एकै ठाउँमा राखेर निर्देशन दिने र बैठक संचालन गर्न थालेपछि अधिवेशन नियमित हुन थालेका छन । संगठनलाई चलायमान बनाउन र भद्दा कमिटीलाई सानो बनाउने काम गाह्रो भएपनि गर्नैपर्ने हो।केन्द्रीय पदाधिकारीको मर्यादा र कमिटीलाई वजनदार बनाउन तह कम बनाउने र संख्या घटाउनु उचित निर्णय हो । निर्णय कार्यान्वयन हुन सकेमा संगठनहरू चलायमान हुनेछन् ।

नेकपा एमालेले जन वर्गीय संगठनको केन्द्रीय पदाधिकारीको संख्यालाई घटाएर ९ जनामा सिमित गर्ने भएको छ । आइतबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले जन वर्गीय संगठनको केन्द्रीय पदाधिकारीको संख्या घटाएर ९ मा सिमित गर्ने कठोर निर्णय लिएको छापछिल्लो समय जम्बो पदाधिकारी राख्दा बैठक वस्न नसक्ने अवस्था आएको थियो । पार्टीका महासचिव शंकर पोखरेलले अध्यक्ष एक जना, उपाध्यक्षमा एक जना महिलासहित २ जना, महासचिव एक जना, उपमहासचिव १ जना र सचिवहरूलाई जिम्मेवारी दिनेगरी (प्रचार, विदेश मामिला र संगठन हेर्नेगरी र आर्थिक जिम्मेवारी हेर्नेगरी कोषाध्यक्षको व्यवस्था गर्ने) ९ जना पदाधिकारी रहने जानकारी दिएका छन ।

जनसंगठनहरू केन्द्रीय कमिटी र केन्द्रीय सचिवालय मात्रै रहने निर्णय पनि बैठकले गरेको छ । एमालेले जन वर्गीय संगठनको केन्द्रीय पदाधिकारीको संख्यालाई घटाएर ९ जनामा सिमित गर्ने भएको छ । आइतबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले जन वर्गीय संगठनको केन्द्रीय पदाधिकारीको संख्या घटाएर ९ मा सिमित गर्ने निर्णय गरेको हो ।

बैठकपछि सञ्चारकर्मीहरूसँग निर्णय सुनाउँदै पार्टीका महासचिव शंकर पोखरेलले अध्यक्ष एक जना, उपाध्यक्षमा एक जना महिलासहित २ जना, महासचिव एक जना, उपमहासचिव १ जना र सचिवहरूलाई जिम्मेवारी दिनेगरी (प्रचार, विदेश मामिला र संगठन हेर्नेगरी र आर्थिक जिम्मेवारी हेर्नेगरी कोषाध्यक्षको व्यवस्था गर्ने) ९ जना पदाधिकारी रहने बताए । जनसंगठनहरू केन्द्रीय कमिटी र केन्द्रीय सचिवालय मात्रै रहने निर्णय पनि बैठकले गरेको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'बौद्ध साहित्य वर्तमान समाजका लागि सान्दर्भिक'

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

बौद्ध धर्म र बौद्ध साहित्य वर्तमान समाजका लागि सान्दर्भिक रहेको बौद्ध धर्मका जानकारहरूले बताएका छन् ।

पोखरामा जारी एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलको 'बौद्ध साहित्यको वर्तमान' सत्रमा आइतबार बोल्दै बौद्ध संस्कृतिका लेखक आङ्लामी शेर्पाले मनलाई शुद्ध राख्न बौद्ध साहित्य सान्दर्भिक रहेको जिकिर गरे ।

'बौद्ध साहित्यको आजको समाजमा सान्दर्भिकता छ । छापिएर भएका, धेरै सुविधाले विकृत बनाएको मनलाई कसरी शुद्ध, मानव र ब्राह्मणको हित र संरक्षणका लागि बुद्ध शिक्षाले प्रेरित गर्छ,' उनले भने । बुद्ध शिक्षाको बाँकी खोज-अनुसन्धान गरेर त्यसलाई संकलन गर्न सके त्यसले सबै पक्षको उद्धार गर्ने शेर्पाको दाबी रह्यो । बौद्ध साहित्यको परम्परागत अध्ययन गर्ने लामा खेन्चेले बौद्ध धर्म र यसका उपदेशले मानसिक स्वस्थता प्रदान गर्ने सुनाए । 'हाम्रो दिमाग सयतिर छरिएको छ । दिमागलाई कसरी केन्द्रीत बनाउने ? एउटा चराको पुरै शरीरमा, रुखमा ध्यान केन्द्रीत गर्ने कि आँखामा गर्ने भन्ने बुद्धको दर्शनले मानसिक विकार हटाएर मानसिक स्वस्थता प्रदान गर्ने काम गर्छ,' उनले भने ।

बौद्ध धर्मका प्राध्यापक रमेशकुमार ढुंगेलले बुद्धले आफूले प्राप्त गरेको ज्ञानलाई जनसाधारणको भाषामा प्रदान गरेकाले बौद्ध धर्म व्यापक भएको जिकिर गरे । 'आफूले पाएको ज्ञान जनसाधारणको भाषामा दिन थाल्नुभयो । गाह्रो कुरालाई सजिलो बनाउन थाल्नुभयो,' उनले थपे, 'सहज रुपमा मान्न सक्ने भए । राजा, महाराजा र विद्वान पनि चेला भए । यति विकसित भयो कि अर्को सनातन परम्परा र अरु परम्पराभन्दा अघि बढ्यो ।'

अनुवाद गर्ने पद्धति नभएकाले पाली साहित्य नेपालीमा आउन नसकेको ढुंगेलले दाबी गरे । नेपालबाट बुद्ध धर्मसँग सम्बन्धित मूर्तिहरू विदेशमा बेचिँदा धर्मलाई नै असर गरेको उनले बताए । 'संसारभर बुद्ध धर्म, सनातनि हिन्दु धर्मका मुर्ति विदेशमा छन् । थाङ्का, नेवारको पौवा त्यत्तिकै छन्,' उनले भने, ' यो सन् १९७० को दशकमा धेरै भयो । हरेक हेरिटेजका चिज यहाँबाट ट्राफिकिङ भएर गए । अहिले कम भएपनि कायम छ ।' विदेशका संग्रहालयमा सीसाको फ्रेममा राख्दा त्यसबारे नेपालका बौद्ध धर्म अनुयायीले त्यसको इतिहास थाहा पाउन नसकेको उनको भनाइ थियो ।

व्यापारीकरणले गर्दा ऐतिहासिक मूर्तिलाई पैसा बनाउने साधनको रुपमा प्रयोग गरिएको ढुंगेलले टिप्पणी गरे । 'यूरोपमुखी आधुनिकतावादले व्यापारीकरण गर्‍यो । मूर्तिलाई पनि पैसा बनाउने साधनको रुपमा हेर्न थालियो । त्यसो भएकाले ट्राफिकिङ भयो,' उनले भने । बौद्ध धर्म र साहित्यको विकासका लागि यससँग सम्बन्धित स्कुल र कलेजको स्थापना आवश्यक रहेको ढुंगेलले बताए ।

उक्त सत्रको सहजकर्ता लुम्बिनी बौद्ध विश्वविद्यालयबाट विद्यावारिधि गरेका नेत्र आचार्य थिए ।

# मनाङमा आजदेखि 'एचपिभी' खोप अभियान

पोखरापत्र संवाददाता
मनाङ, १८ फागुन

जिल्लामा आजदेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी खोप' अभियान सुरुआत भएको छ । जिल्लाका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई खोप लगाइने छ ।

कक्षा ६ देखि १० सम्ममा अध्ययनरत एक सय तीन किशोरीलाई एचपिभी खोप लगाइने राजेन्द्र श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार विद्यालयमा अध्ययनरत एक सय तीन किशोरी र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका छ गरी एक सय नौ किशोरीलाई एचपिभी खोप दिइनेछ । उहाँले भन्नुभयो, "जिल्लाका कूल एक सय नौ किशोरीलाई पाठेघर मुखको क्यान्सरविरुद्धको एचपिभी खोप दिइनेछ, खोपकर्तालाई विभिन्न तालिम, अभिमुखीकरणसहित तयारी गरिरहेका छौँ ।" मनाङको डिस्याङ, नार्पाभूमि, चामे र नार्सों गाउँपालिकामा पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभि खोप लगाइने छ । यही फागुन १८, १९ र २० गते डिस्याङको अन्नपूर्ण माध्यमिक विद्यालय, चामेको लोकप्रिय माध्यमिक विद्यालय, गौरीशङ्कर आधारभूत विद्यालय र नार्सोंको प्रकाशज्योति माध्यमिक विद्यालयको खोप केन्द्रबाट खोप लगाइने प्रदेश जनस्वास्थ्य कार्यालय मनाङका प्रमुख रविना ठगुनाले बताउनुभयो । खोप कार्यक्रम सञ्चालनका लागि सबै पालिकाका स्वास्थ्य शाखा प्रमुख, सबै पालिकामा रहेको २४ वटै स्वास्थ्य संस्थाका प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेदिक अस्पतालको प्रत्यक्ष सहभागिता रहने जनाइएको छ । जिल्लाका सबै विद्यालय चिसोका कारण बन्द रहेकाले अन्य जिल्लाभन्दा ढिला गरी खोप अभियान सञ्चालन भएको ठगुनाले बताउनुभयो । खोप कार्यक्रममा जिल्लाका सबै विद्यालयका एक सय तीन र अन्य ६ जना गरी एक सय नौ किशोरीलाई खोप लगाइने भएता पनि अन्यको सङ्ख्या बढ्न सक्ने अनुमान गरिएको प्रमुख ठगुनाको भनाइ छ । नार्सों गाउँपालिका-५ स्थित प्रकाशज्योति माध्यमिक विद्यालय, चामे गाउँपालिका-१ स्थित गौरीशङ्कर माध्यमिक विद्यालय, चामे गाउँपालिका-४ स्थित लोकप्रिय माध्यमिक विद्यालय र मनाङ डिस्याङ गाउँपालिका-६ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा खोप केन्द्र तोकिएको कार्यालयले जनाएको छ । विद्यालय नजाने किशोरीलाई स्वास्थ्य कार्यालय वा तोकिएका खोप केन्द्रमार्फत खोप लगाइनेछ ।

# धनञ्जय गोत्रीय भण्डारी समाज कास्कीमा डा.ज्यो.हरिश्चन्द्र

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन



धनञ्जय गोत्रीय भण्डारी समाज कास्कीको तेस्रो अधिवेशनबाट डा. ज्यो. हरिश्चन्द्र भण्डारी अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

गत फागुन ७ गते सम्पन्न अधिवेशनबाट निर्वाचित पदाधिकारी र सदस्यहरूको पदस्थापन फागुन १७ गते सम्पन्न भएको थियो । निवर्तमान अध्यक्ष खेमराज भण्डारीको अध्यक्षता र भण्डारी समाज नेपाल, केन्द्रीय समितिका अध्यक्ष सूर्य प्रसाद भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको सहजीकरण सचिव हरीप्रसाद भण्डारीले गर्नुभएको थियो । विष्णुप्रसाद भण्डारीको संयोजकत्व रहेको निर्वाचन मण्डलले ३ वर्षे कार्यकालका लागि सर्वसम्मत रुपमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । उक्त अधिवेशनबाट धनञ्जय गोत्रीय भण्डारी समाज कास्कीका नव निर्वाचित पदाधिकारीहरुको पदस्थापन तथा प्रमाणपत्र वितरण कार्यक्रम शनिबार सम्पन्न भएको थियो । समितिको अध्यक्षमा डा ज्यो हरिश्चन्द्र भण्डारी अन्नपूर्ण-२, सेराचौर, उपाध्यक्षमा नेत्रलाल भण्डारी-पोखरा-२५, सुइखेत, सचिव पदमा हरिशंकर भण्डारी- खर्चाङ, कोषाध्यक्ष पदमा मधुसुदन भण्डारी-लामाखेत यसैगरी सदस्यमा, शालिग्राम भण्डारी अन्नपूर्ण-२, निवारे, सरोज भण्डारी- कासि संगम, प्रेम प्रसाद भण्डारी- खर्चाङ, खगेन्द्रराज भण्डारी- कालिका, खहरे, रिषिराम शर्मा भण्डारी- महतगौँडा, रिषिराम भण्डारी- निर्मलपोखरी, मैदान र सदस्यपदमा राम भण्डारी- मादी, सौर्य डाँडा रहेका छन् ।

# विद्यालय तहको शैक्षिक सुधारमा इसिइसि कार्यक्रमको प्रभावकारिता



पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन

पोखरा महानगरपालिकामा सञ्चालित ईसिडीदेखी कक्षा ३सम्म शैक्षिक सुधार तथा नमुना विद्यालय विकास कार्यक्रम प्रभावकारी देखिएको छ ।

इनोभेसन इन एजुकेसन (इसिइसि) को पहलमा महानगर क्षेत्रमा १२ वटा विद्यालयहरूमा सञ्चालित उक्त कार्यक्रमको प्रभाव सकारात्मक देखिएको समीक्षाका क्रममा पाइएको हो । परियोजना अन्तरगत इसिइसिले शिक्षकहरूको क्षमता अभिवृद्धि, अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका प्रतिनिधिहरूका लागि नेतृत्व विकास, अन्तर्राष्ट्रिय बाल विकास सहजकर्ता प्रशिक्षण तथा शैक्षिक सुधारका लागि निरन्तर अनुगमन, परामर्श तथा सहायता लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ । महानगर क्षेत्रका विभिन्न क्लष्टरका १२ वटा विद्यालयहरूमा २०७९ पौषदेखि यो कार्यक्रम शैक्षिक सुधार परियोजनाका रूपमा सञ्चालनमा रहेको छ । सन् २००१ मा स्थापना भएको उक्त संस्थाले देशभर विभिन्न सरकारी तथा निजी विद्यालयहरूसँग सहकार्य गरी शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको इसिइसिका प्रबन्ध निर्देशक पीताम्बर न्यौपानेले बताउनुभयो । कार्यक्रममाइसिइसिकाअनुसन्धान तथा विकास विभागका उपप्रमुख सिर्जी थिकेपा ल्होमी र परियोजना इन्चार्ज विजय तामाङले परियोजनाको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले परियोजनाले विद्यालय तहको शैक्षिक सुधारमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो ।

# गण्डकीमा रक्तदान कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ फागुन



नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेश र सुनचाँदी व्यवसायी संघ कास्कीको संयुक्त आयोजनामा गरिएको खुल्ला रक्तदान कार्यक्रममा १७६ पिन्ट रगत संकलन भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघको १२ स्थापना दिवस अवसरको पुर्व सन्ध्यामा सो कार्यक्रम आयोजना गरिएको हो ।

संघका अध्यक्ष भविन्द्र बिश्वकर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि नेपाल सुनचाँदी व्यवसायी महासंघका विशिष्ट सदस्य मोहन कुमार सुनार हुनुहुन्थ्यो । उहाँले व्यवसायीका हरेक समस्यामा निरन्तर लागिरहेको छु । राज्यलाई अप्ठ्यारो परेको बेला व्यवसायीहरुको ठूलो योगदान छ भुकम्पको बेला राज्यकोषमा रकम जम्मा गर्नका साथै धेरै घर बाँसको व्यवस्था गरियो ।

यसैगरी कोभिडबेला गण्डकी प्रदेशले हेल्प डेस्क नै स्थापना र राहत कोषको व्यवस्था गरी काम गरेको थियो । आइतबार रक्तदान कार्यक्रम गरेर आफुलाई अब्बल साबित गरेको छ त्यसैगरी कास्कीले प्रदेशको योजना सफल पार्न र आफुलाई अग्र स्थानमा उभ्याउन आजको कार्यक्रम प्रमाणित गरेको छ यसको उच्च कदर हुने बताउँदै रक्तदाता हरुलाई धन्यवाद दिनुभयो । यसैगरी गण्डकी प्रदेश सांसद माननीय दिलमाया पौडेले सुनचाँदी व्यवसायी क्षेत्रमा र सामाजिक क्षेत्रमा गण्डकी प्रदेश र सभापति चन्द्र किशोर गौतम कृयाशिल सकृय योगदान कर्ता रहेको बताउँदै सबै जिल्लाले अपनत्व महशुस गरेका छन् भन्नुभयो । कार्यक्रममा महासंघका सचिव निर्मल दियाली, व्यवसायी परामर्श समितिका संयोजक दुर्गा बहादुर सुनार, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी नायब उपरीक्षक कृष्ण बहादुर केसी, पोखरा उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष उत्तम बुढाचार्य, प्रदेश उद्योग वाणिज्य सङ्घका काशी गुरुङ, रत्न आभुषण संघका अध्यक्ष भरत बिक, जनमुखि वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रुपलाल सुनार, लगायतले बोलेका थिए ।

कार्यक्रम आयोजक गण्डकी प्रदेश सभापति चन्द्र किशोर गौतमले रक्तदाता ,पर्मुख अतिथी र सहयगी सबैलाई धन्यवाद दिनुभयो। संयोजन कास्कीका प्रवक्ता राज कुमार बि.घिमिरेले, स्वागत मन्तव्य अध्यक्ष भविन्द्र बिश्वकर्माले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन महासचिव कमलमान सुनारले गर्नुभएको थियो ।

# दूध बेचेर मासिक एक लाखसम्म बचत गर्दै व्यवसायी सापकोटा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ फागुन

विसं २०६७ मा बागलुङ नगरपालिका–५ मालिकाबाट तीनवटा भैंसी लिएर बागलुङ बजारको उपल्लाचौरस्थित आमबोट भन्नुभएका नन्दलाल सापकोटा अहिले ३५ भैंसी र सात गाईको मालिक हुनुहुन्छ।

बागलुङ–४ उपल्लाचौर आमबोटमा केही आफ्नो र केही भाडाका गरी १५ रोपनी क्षेत्रफलमा 'सापकोटा गाईभैंसी फार्म' स्थापना गर्नुभएको उहाँ यो क्षेत्रके सफल पशुपालक किसानमा चिनिँदै आउनुभएको छ। निरन्तर पशुपालनमा लागेपछि एक दिन सफल भइन्छ भन्ने उदाहरण १४ वर्षदेखि व्यावसायिक पशुपालनमा लाग्नुभएका सापकोटा बन्नुभएको छ। बागलुङ बजार छेउमै रहेको गाईभैंसी फार्ममा अहिले दैनिक एक सय ६० लिटर दूध उत्पादन हुँदै आएको छ। सापकोटाले उत्पादन गर्नुभएको दूध आफैं बजारीकरण गर्दै आउनुभएको छ। "भारतको मेघालय क्षेत्रमा रोजगारीका लागि पुग्दा नेपालीले गाई पालेर दूध बिक्री गर्दै आएको देखेको थिएँ, त्यहीँबाट मैले गाईभैंसीपालनमा चासो दिएको थिएँ, विसं २०६७ मा जन्मथलो मालिकाबाट तीनवटा भैंसी र एउटा गाई लिएर अमबोट आएपछि दुईवटा भैंसी थपेर फार्म स्थापना गरेँ, अहिले फार्मको पूर्वाधारसहित रु एक करोड लगानी पुगिसक्यो", उहाँले भन्नुभयो, "निरन्तर मेहनत र पशुपालन व्यवसायको अनुभवका कारण आज सफल भएको छु, अहिले पाँच जनालाई प्रत्यक्ष रोजगारी दिन सफल भएको छु।" व्यवसायी सापकोटाले गाई तथा भैंसीको खरिद बिक्रीसमेत गर्दै आउनुभएको छ। उहाँको फार्ममा ५२ सम्म गाईभैंसी भएको सुनाउनुभयो। उहाँका दुईवटा ठूला गोठमा गाईभैंसी छन्। दैनिक एक सय ६० लिटर दूध उत्पादनपश्चात बजारीकरण गर्दै आउनुभएका सापकोटा मासिक रु पाँचदेखि छ लाखसम्मको आम्दानी र मासिक रु एक लाखसम्म बचत गर्दै आएको बताउनुहुन्छ। पशुपालनमा आम्दानी भए पनि खर्च धेरै हुने उहाँको अनुभव छ। पशुपालनमा जोखिम बढी हुने भएकाले लामो अनुभव र प्राविधिक सहयोगले मात्र सफल भइने सापकोटाको भनाइ छ। "दूधको बजारीकरणमा समस्या छैन, बागलुङ बजारको घरदैलो र फार्मबाटै बिक्री हुन्छ, हामीले घरदैलोमा पुगेर दूध पुर्‍याउँदै आएका छौँ, मैले डाइ सिजनमा बढी दूध बिक्री गर्दै आएको छु", सापकोटाले भन्नुभयो, "भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र र बागलुङ नगरपालिकाले प्राविधिक रूपमा सहयोग गरिरहेका छन्, प्याक्ट परियोजनामार्फत विसं २०७३ मा रु १० लाख अनुदान पाएर एउटा आधुनिक गोठ बनाएको थिएँ, निरन्तरता भएमा सहयोग पनि आउँछ, पछिल्लो समय फार्म स्थापनाका लागि गरिएका राज्यका प्रोत्साहनले किसान हौसिए पनि टिक्न नसकेको पाइयो।" उहाँले उत्पादन र निरन्तरताका आधारमा अनुदान दिँदा मात्र वास्तविक किसानले लाभ लिने बताउनुभयो। उहाँले बागलुङ बजारसहित पर्वत र म्याग्दीबाट समेत दूधको माग आउने बताउनुभयो। अहिले बजारमा दूधको मूल्य रु एक सय २० प्रतिलिटर छ। उहाँ रोजगारीका सिलसिलामा १० वर्ष भारतको मेघालयमा समेत जानुभएको थियो।

# हिमचितुवा र मानवबीचको द्वन्द्वले उपल्लो मुस्ताङको पशुपालन व्यवसाय सङ्कटमा

**सुन्दरकुमार थकाली**
मुस्ताङ, १८ फागुन/रासस

पछिल्लो समय उपल्लो मुस्ताङमा हिमचितुवा र मानवबीचको द्वन्द्वले पशुपालन व्यवसाय सङ्कटमा पर्न थालेको छ। हिमचितुवाको आतङ्कले स्थानीय पशुधनमाथि आक्रमण गरी पटकपटक क्षति तुल्याउने घटना दोहोरिँदो उपल्लो मुस्ताङका किसानको सदियौँ वर्ष पुरानो पशुपालन व्यवसाय सङ्कटमा पर्न थालेको हो।

जिल्लामा हिमचितुवाको एकीन तथ्याङ्क छैन। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को स्वामित्वमा रहेको उपल्लो मुस्ताङमा हिमचितुवाले चरन क्षेत्र, खर्क र पशु गोठमै पसेर पशुधनको क्षति गरिदिँदा उपल्लो मुस्ताङका पशुपालक किसानको व्यवसाय नै लोप हुने खतरा बढेको हो। जलवायु परिवर्तनले हिमाली उच्च लेकमा चरन क्षेत्र साँघुरिँदै जान थालेको, चरन क्षेत्रमा घाँस पलाउन छाडेको र घाँसको खोजीमा हिमचितुवाको मुख्य आहार नाउर बस्ती तल भर्ने गरेको पाइएको छ। हिमालकी रानी हिमचितुवा आहारको खोजीमा नाउराको पछ्याउँदै बस्तीसम्म आइपुग्दा घरपालुवा पशुचौपाया क्षति हुने जोखिम बढेको हो। तर संरक्षणविद्हरूले हिमचितुवा सडक र बस्तीमा भर्नुमा फरकफरक भनाइ राख्ने गरेका छन्।

पछिल्लो दुई वर्षयता उपल्लो मुस्ताङमा हिमचितुवा सडक र बस्ती नजिक देखिन थालेका छन्। गत वर्ष मुस्ताङमा दुईवटा हिमचितुवा कागबेनी गाउँ नजिकै देखापरेको थियो। हिमचितुवा दिनदहाडै सडक र बस्तीमा देखिन थालेपछि स्थानीय पशुपालकले पालन गरेका घरपालुवा घोडा, खच्चड, याकचौंरी, भेडाच्याङ्ग्रालगायतमा क्षति हुने जोखिम बढेको हो। दुई वर्षअघि लोघेकर दामोदरकुण्ड–२ ढाकमरमा स्थानीय किसान मिङमार गुरुङको ७९ वटा च्याङ्ग्रा हिमचितुवाले आक्रमण गरी मारेयो। तारबारसमेत लगाइएको च्याङ्ग्रा गोठमा जाली नाघेर चारवटा हिमचितुवा खोरमा पसेर गुरुङको ठूलो सङ्ख्यामा च्याङ्ग्रा क्षति पुर्‍यायो। यस्तै, चालु वर्ष फागुनको पहिलो हप्ता मुस्ताङको बारागुङ मुक्तिक्षेत्र–३ समरका स्थानीय पशुपालक नवीनकुमार गुरुङको गोठमा रहेको ३३ वटा च्याङ्ग्रामध्ये चारवटा हिमचितुवाले आक्रमण गरी मार्‍यो। नवीन र मिङमार केवल प्रतिनिधि पात्रमात्र हुन्। मुस्ताङमा हिमचितुवाले लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, बारागुङ मुक्तिक्षेत्र, घरपखोङ र थासाङका दर्जनौँ पशुपालक किसानलाई हिमचितुवा र अन्य वन्यजन्तुले पशुधनमा क्षति तुल्याउन गरेको छ। यसैका कारण मुस्ताङमा घरपालुवा पशुपालन व्यवसायमा हिमचितुवा र वन्यजन्तुको थप जोखिम बढेको हो। राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङले चालु आवको १० महिनामा हिमचितुवाले १३ वटा पुशधनमा क्षति तुल्याएको बताएको छ। एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलका अनुसार चालु आव २०८१/८२ को साउनदेखि माघ मसान्तसम्ममा तीनवटा घोडा, छवटा च्याङ्ग्रा र चारवटा याकलाई हिमचितुवाले आक्रमण गरी क्षति बनाएको जानकारी दिनुभयो। यसैगरी गत वर्ष उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गतका विभिन्न पशुपालक किसानको कुल एक सय ८० वटा पशुधनमा हिमचितुवाले क्षति बनाएको छ। एक्याप कार्यालय लोमान्थाङको रेकर्डअनुसार गत वर्ष घोडा १४, च्याङ्ग्रा एक सय ५४ र भेडा १२ वटालाई हिमचितुवाले मारेको थियो। मुस्ताङमा आव २०७९/८० मा मुस्ताङका पाँचवटै पालिका गरी १३ घरपरिवारका ६५ पशुधनमा क्षति भएको थियो। जिल्लाको पुर्ख्यौली व्यवसायका रूपमा याकचौंरी, घोडा र भेडाच्याङ्ग्रा पालन गर्ने गरिएको छ। यो यहाँको आर्थिक व्यवसायका रूपमा मात्र सीमित छैन, हिमाली संस्कृतिसँग पनि जोडिएको छ। यसरी पालन गरिएका याकचौंरी र भेडाच्याङ्ग्रा पशुपालक किसानलाई एक्याप कार्यालयले आवश्यक प्रक्रिया पुर्‍याएर नियमानुसार राहत वितरण गर्ने गरेको छ। तर, एक्यापले वन्यजन्तु क्षतिको राहत वितरण गर्ने गरेको भए पनि उपल्लो मुस्ताङका पशुपालकले राहतका लागि एक्यापको सम्पर्क आउनेको सङ्ख्या कम भएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख पौडेलको भनाइ छ। उहाँले वन्यजन्तुपीडित घटना घटे पनि राहतको लागि सम्पर्क आउन नसक्दा वन्यजन्तुको क्षति एकीन तथ्याङ्क सङ्कलन गर्न समस्या पर्ने गरेको बताउनुभयो। "हामीले वन्यजन्तु क्षति भएमा समुदायमा रिपोर्ट गर्न भनेका छौँ, संरक्षण क्षेत्र व्यवस्थापन समिति र प्रहरी युनिट पनि छन्", एक्याप लोमान्थाङ प्रमुख पौडेलले भन्नुभयो, "वन्यजन्तु क्षतिका विवरण सङ्कलनदेखि सबै कागजी प्रक्रियाका एक्याप कार्यालयले कर्मचारी खटाएर सहजीकरण गर्छ।" कार्यालय प्रमुख पौडेलले अब चाँडै वन्यजन्तु क्षति रकम आउने र त्यसलाई समुदायमा पुगेर पीडितलाई वितरण गरिने जानकारी दिनुभयो। एक्याप लोमान्थाङअन्तर्गत उपल्लो मुस्ताङका वन्यजन्तु पीडितले दुई वर्षयता राहत पाउन नसके पनि एक्याप जोमसोम कार्यालयले भने वन्यजन्तुपीडितलाई निरन्तर क्षति राहत वितरण गर्दै आइरहेको छ।

पशुधनको क्षति भएमा एक्याप कार्यालयको रोहवर, प्रहरी, संरक्षण व्यवस्थापन समिति र पशु भेटेरिनरी अस्पतालका पशु चिकित्सक लगाएको उपस्थिति क्षति लागत अनुमान गरी राहत वितरण गर्ने गरिन्छ। एक्यापले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ 'क'ले दिएको अधिकार प्रयोग गरी वन्यजन्तु क्षति निर्देशिका, २०८० कार्यान्वयनमा ल्याएको छ। वन्यजन्तुपीडितलाई राहत वितरण गर्ने प्रक्रियालाई सहज र व्यवस्थित गर्ने उद्देश्यले कार्यान्वयनमा आएको नयाँ निर्देशिकाले पशुपालक किसानलाई राहत उपलब्ध गराउन टेवा पुग्ने एक्यापको भनाइ छ।

# 'डिजिटल सेवा प्राप्ति निगाह होइन, अधिकार हो'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

निजी र सरकारी सेवा प्रवाह प्रभावकारी बनाउने उद्देश्यसहितसरकारले २०७६ सालमा ल्याएको डिजिटल नेपाल फ्रेमवर्क संशोधन गरिनुपर्ने विज्ञले औंल्याएकाछन्।एनसेलफाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलको 'डिजिटल नेपाल' सत्रमा पत्रकार सरस्वती ढकालसँगको संवादमा आइतबार दुरसञ्चार विज्ञ विशाल उपाध्यायले पछिल्लो समय एआईको प्रयोग बढेकाले त्यसलाई समेटन डिजिटल नेपाल फ्रेमवर्क संशोधन गर्न आवश्यक रहेको बताए।

तथ्यांक हेर्दा नेपालमा इन्टरनेटको प्रयोग बढेको र यो डिजिटल नेपाल बनाउने अभियानका लागि सकारात्मक विषय भएको उनको भनाइ थियो। डिजिटल नेपाल फ्रेमवर्कमा कृषि उत्पादन बजारीकरणलाई समावेश गरिएपनि त्यो सोचेजस्तो सफल नभएको उनले टिप्पणी गरे। सरकारी कार्यालयको सर्भर बन्द हुनुको कारण त्यसको लगानी, डिजाइन र इच्छाशक्तिमा भर पर्ने उपाध्यायले दाबी गरे। नेपाल टेलिकम र यातायात विभागको उदाहरण लिँदै उनले भने, 'नेपाल टेलिकममा त्यही किसिमको लगानी गरिएको छ। उता यातायात कार्यालयको सर्भर कहाँ छ भन्ने कर्मचारीलाई थाहा छैन होला। सर्भरको क्षमता बढाउनपर्‍यो भने कसलाई भन्ने भन्ने थाहा हुँदैन। सर्भिस डिजाइन गर्दा नै ध्यान दिनुपर्ने हुन्छ।'

भावी नेतृत्वहरूमा डिजिटल संसार चलाउन सक्ने क्षमता अनिवार्य आवश्यक रहेको उपाध्यायले बताए। 'भावी लिडर सिपमा डिजिटल स्किल, डिजिटल संरचना चलाउने र डिजिटल संसार चलाउने अनिवार्य रुपमा कतै न कतै हुनुपर्छ,' उनले भने।

सूचना तथा सञ्चार प्रविधि विज्ञ मनोहर भट्टराईले सर्वसाधारणले डिजिटल सेवा पाउने विषय निगाह (कसैले दया गरेर दिने) नभई अधिकार भएको बताए। डिजिटल नेपाल फ्रेमवर्कमा पनि उल्लेख रहेको बताउँदै उनले सरकारी सेवा घरबाटै लिने विषय माग गर्न सत्रका सहभागीलाई सुझाव दिए। 'डिजिटल हिसाबले सेवा पाउनुपर्छ भनेको निगाह होइन, अधिकार हो भन्न सक्नुपर्छ। यो हाम्रो अधिकार हो। यसले गर्दा कुशल तरिकाले राज्यबाट सेवा सुविधा पाउँछौं भने भ्रष्टाचार नियन्त्रण र पारदर्शी हुन्छ,' आइसीटी विज्ञ भट्टराईले भने, 'घरबाटै सेवा लिन पाउँ भनेर भन्नुपर्छ।' राजनीतिक, सामाजिक, आर्थिक व्यवस्थामा डिजिटल प्रविधिको प्रयोगबाट लक्ष्य प्राप्त गर्न सकिन्छ भनेर डिजिटल नेपाल फ्रेमवर्क ल्याइए पनि सफल नभएको भट्टराईले बताए। 'पर्यटन, जलस्रोत, विकसित बजार, सरकारी सेवा प्रवाहलाई डिजिटल प्रविधिले कसरी प्रभावकारी तरिकाले काम गर्न सक्छ भनेर प्रारूप ल्याइएको हो। जुन किसिमको सोचेर ल्याइएको थियो त्यही रूपमा गएको देखिँदैन,' उनले भने। पूर्वाधार खडा गर्न सफल भएको तर गुणस्तरमा सुधार आवश्यक रहेको उनले औंल्याए।

नेपालमा साइबर सुरक्षा चुनौती रहेकाले त्यसलाई समाधान नगरेमा डिजिटल नेपालको लक्ष्य प्राप्तिमा आशा राख्न नसकिने उनले बताए। 'साइबर क्राइम, अनलाइन सुरक्षा, ह्याकिङ, सरकारी वेबसाइटका लागि संरचनागत पूर्वाधार साइबर सुरक्षाका लागि ठूलो चुनौती छ। रुपान्तरणको सपना देख्दा अनलाइन सुरक्षा, साइबर सुरक्षाको कुरामा ध्यान नदिए धेरै आश राख्न सक्दैनौं कि भन्ने छ,' भट्टराईले भने। गाउँ घरसम्म डिजिटल साक्षरता आवश्यक रहेको उनले बताए। डिजिटल नेपाल बनाउने अभियानका लागि स्रोत साधन नभई राजनीतिक इच्छाशक्ति आवश्यक रहेको भट्टराईले सुनाए। 'कसैले स्रोत साधनको अभाव हो भन्नुहुन्छ भने म मान्दिनँ, राजनीतिक इच्छाशक्ति चाहियो। डिजिटल दुनियाँमा सफल भएको देश देख्नुहुन्छ भने त्यसको पछाडि राजनीतिक इच्छाशक्तिको कुरा छ,' उनले भने।

# बजेट अभावमा गैँडा गणना अन्योलमा

**रासस**
चितवन, १८ फागुन

हरेक पाँच–पाँच वर्षमा गरिने गैँडा गणना बजेट अभावमा अन्योलमा परेको छ। दाताहरुको भरमा गणना गरिँदै आएकोमा यस वर्ष बजेट अभाव भएको हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले निकुञ्जसँग काम गर्ने विभिन्न निकायसँग सहकार्य गरेर गैँडा गणना गर्दै आएका छन्। विभागका इकोलोजिष्ट तथा सूचना अधिकारी हरिभद्र आचार्यका अनुसार युएसएआईडीको जल जङ्गल परियोजनाले गैँडा गणनामा आवश्यक सामग्री खरिद गर्ने सहमति भएकोमा कार्यक्रम स्थगित भएपछि गणना प्रभावित भएको हो। परियोजनाले सूचना जारी गरी सामग्रीहरु खरिद प्रक्रिया समेत अघि बढाइसकेको थियो। निकुञ्जभित्र गणनाका क्रममा आवश्यक जिपिएस उपकरण, ल्यापटप, खाना पकाउने ठूला भाडाहरु, टेण्टलगायतका बन्दोबस्तीका सम्पूर्ण सामग्रीको खर्च सोही परियोजनाले बेहोर्ने भएको थियो। "परियोजनाले रु ५० लाख बराबरको सामग्री दिने तयारी थियो। गणना सम्पन्न गर्न १ एक करोड ५० लाख हाराहारी बजेट खर्च हुने अनुमान गरिएको छ", उहाँले भन्नुभयो। जलजङ्गलसँगै विश्व वन्यजन्तु कोष नेपाल, जेडएसएल नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका सङ्घ संस्थासँगको साझेदारीमा गणना गर्ने तयारी गरिएको थियो। उहाँका अनुसार आगामी चैतभित्रमा गणना गरिसक्नुपर्ने हुन्छ। चैत ५ गतेदेखि २५ गतेसम्म गणना गरेर वैशाखको पहिलो साता नतिजा सार्वजनिक गर्ने तयारी गरिएको थियो।

# ४/४ जि.आर. माण्डले भूपू संघ पोखराको ६३ औं स्थापना दिवस मनायो

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

४/४ जि. आर. माण्डले भू.पू. संघ पोखराले आइतबार ६३ औं राइजिङ डे सेलेब्रेसन (स्थापना दिवस) विभिन्न कार्यक्रम सहित भव्य रूपमा आइतबार सम्पन्न गरेको छ।



कार्यक्रमका प्रमुख अतिथि सु. ह.क्या. रेखबहादुर गुरुङले कार्यक्रमको उद्घाटन गर्दै ४/४ जिआर माण्डले भुपु संघ पोखरा अन्य भूपू संघहरुको तुलनामा अगाडि रहेको बताउँदै हरेक वर्ष स्थापना दिवसका अवसरमा भू.पू. आर्मिका परिवारहरु बिचमा पुनर्मिलन कार्यक्रम गराउँदै आएकोमा संघको कार्यलाई प्रसंशा गरेका थिए। सो अवसरमा संघलाई आर्थिक सहयोग गर्ने सु.ह.क्या. रेखबहादुर गुरुङ, बटालियन अफिसर मे. कृष्णकुमार गुरुङ, आर्थिक संयोजक तथा विदेश विभाग प्रवक्ता ह. लालप्रसाद गुरुङ, नायक जोशी गुरुङ, नायक मान सिं घले, ह. दिलप्रसाद गुरुङ, ह. सु.मे. पिताम्बर थापा, सु.तमबहादुर गुरुङ, स्वर्गिय ह. हेम बहादुर गुरुङकी श्रीमती सुकमाया गुरुङ, ह. लेखबहादुर गुरुङ, सु.मे.ह.क्या. नविनकुमार रोका, ह.नासु. प्रेमबहादुर थापालाई सम्मान गरिएको थियो।

संघका अध्यक्ष सु.मे. लिलबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष सु. हुमबहादुर गुरुङले र संचालन सचिव ह. खेमबहादुर गुरुङले गरेका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ केसरीदेखि मादीको सिमानासम्म सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः केसरीदेखि मादीको सिमानासम्म सडक स्तरोन्नती
ठेगानाः पोखरा–१३, कसेरीटोल
योजना सम्झौता मितिः २०८१/१०/१३ गते
योजना शुरु हुने मितिः २०८१/१०/१४ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजनाको कुल लागतः रु.२३,५२,९४१
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.३,५२,९४१/-
अध्यक्षः मित्रलाल बाराल सम्पर्क नं.ः ९८४६०२०२६३
ईन्जिनियरः ई रमेश सुवेदी
आयोजनाबाट लाभान्वित जनसंख्याः २५,००० जना

**कसेरीदेखि मादीको सिमानासम्म सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३, कसेरीटोल**



## शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति (२०८१ फाल्गुण १९ गते सोमबार)

यस संस्थाको लागि तपसिल बमोजिमका सामानहरु खारिद गर्न आबश्यक भएको हुँदा उपलब्ध गराउन इच्छुक व्यक्ति, संस्था वा फर्महरुलाई विद्यालयको लेखाशाखाबाट बोलपत्र फाराम खरिद गरी आफुले उपलब्ध गराउन सक्ने सामानको दरभाउ अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरी यो सुचना प्रकाशित मितिले १५ दिन भित्र शर्तहरुको अधिनमा रही शिलबन्दी निवेदन दिनहुन सुचित गरिन्छ।

**तपसिल**

| S.N. | Category | Quantity |
|---|---|---|
| 1. | Interactive LED Smart Board 75 inch | At most 3 |
| 2. | Math Lab Menupuleted Materials | up to 1.5 Lakh |

**बालमन्दिर माध्यमिक विद्यालय**
**पोखरा–३, नदीपुर, कास्की**
**सम्पर्क नं. ०६१–५७१०८२**